


World Vision

# संरक्षण कार्यक्रम



## परिकल्पना

बालबालिकाहरु र महिलाहरू सुरक्षित हुनेछन् र आत्मविश्वासका साथ जीवनका अवसरहरूको पूर्ण उपयोग गर्न सक्नेछन्



## लक्ष्य

जोखिममा रहेका खासगरी महिला तथा बालबालिकाहरू हिंसा र हानिकारक परम्परागत अभ्यासहरूबाट सुरक्षित हुनेछन्



## उपलब्धिहरू

- बालविवाहका घटनाहरू न्युन हुनेछन्
- किशोरकिशोरीहरूमा आत्म-सुरक्षा गर्नसक्ने र सामुदायिक परिवर्तनको वाहकका रूपमा काम गर्नसक्ने जीवनोपयोगी सीपहरू हुनुका साथै आत्मविश्वास बढ्नेछ
- लैंगिक हिंसाको दर न्युन हुनेछ
- बालश्रम र अवैध मानव ओसारपसारका घटनाहरू न्युन हुनेछन्

## हामीले के हासिल गर्नेछौं ?

**५,०००**
किशोरकिशोरीहरूले जीवनोपयोगी सीप र बालअधिकारको तालिम लिनेछन्

**१९,०००**
मानिसहरूले स्थानीय संरक्षण प्रणालीबारे थाहा पाउनेछन् र तिनको कामप्रति विश्वस्त हुनेछन्

**२००**
स्थानीय बालसंरक्षण तथा प्रवर्द्धन समितिहरू र बालमैत्री स्थानीय सुशासन समितिहरूले बाल संरक्षणका लागि सक्रिय भई कार्य गर्नेछन्

**७,०००**
पुरुषहरूले बाल संरक्षण तथा लैङ्गिक हिंसाविरुद्धका तालिम लिनेछन् र अभिमुखीकरणमा सहभागी हुनेछन्

SUSTAINABLE DEVELOPMENT GOALS

५ लैङ्गिक समानता
८ मर्यादित काम तथा आर्थिक वृद्धि
१० न्युन असमानता
१६ शान्ति, न्याय र सशक्त संस्थाहरू

# हामीले यो कसरी हासिल गर्छौं ?



हानीकारक परम्परागत अभ्यास रोक्नका लागि बालविवाह तथा लैङ्गिक हिंसासम्बन्धी नीतिहरूको केन्द्रदेखि स्थानीय तहसम्म प्रभावकारी कार्यान्वयन गरेर



औपचारिक संरक्षण प्रणाली बलियो तथा क्रियाशील बनाएर र हानीकारक परम्परागत अभ्याश रोक्ने कार्यमा समुदायका अगुवा र धार्मिक अगुवाहरूलाई संलग्न गराएर



किशोरकिशोरीहरू समूहमार्फत् किशोरकिशोरीहरूमा जीवनोपयोगी सीपहरूको विकास गराएर

## हाम्रा विधिहरू

### बाल संरक्षण पैरवी

**बाल संरक्षण प्रणालीलाई स्थानीय तहदेखि केन्द्रसम्म सुदृढ बनाउने**

**मुख्य क्रियाकलापहरू**

- संरक्षणका क्षेत्रमा काम गर्ने औपचारिक तथा अनौपचारिक संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने
- स्थानीय तहदेखी केन्द्रसम्मका संरक्षण संयन्त्रहरू क्रियाशील बनाउने
- सरकारसँगको साझेदारीमा लैङ्गिक हिंसाविरुद्ध अभियान र बाल संरक्षण अभियान सञ्चालन तथा सहजीकरण गर्ने
- महिला तथा बालबालिकाहरूको संरक्षणका लागि मानिसहरूलाई बाल विवाह, बालश्रम, हिंसा र अवैध मानव ओसारपसार सम्बन्धी कानून, नीति र सेवाहरूबारे सुसूचित गराउने
- मानिसहरूलाई बाल संरक्षण सम्बन्धी सेवा प्रवाहमा सुधारका लागि सरकार र सम्बन्धित निकायसमक्ष पैरवी गर्नसक्ने बनाउने
- विभिन्न घटनाहरूको उजुरी, सिफारिस र व्यवस्थापन प्रणाली सुदृढ बनाउने
- बाल संरक्षणबारे सचेतना जगाउन तथा हानीकारक सामाजिक मूल्यमान्यता परिवर्तन गर्न विभिन्न धार्मिक तथा सामाजिक अगुवाहरूसँग सहकार्य गर्ने
- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, बालबालिका सम्बन्धी ऐन, बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजना, बाल विवाहविरुद्धको ऐन र बालश्रम निर्मूलनसम्बन्धी राष्ट्रिय गुरुयोजनाको प्रभावकारी कार्यान्वयनका लागि सरकारसमक्ष पैरवी गर्ने

### रूपान्तरणमुखी जीवनोपयोगी सीप

**भर्खरका किशोरकिशोरीहरूलाई जीवनोपयोगी सीप सिकाएर सक्षम बनाउने**

**मुख्य क्रियाकलापहरू**

- अति जोखिममा रहेका किशोरकिशोरीहरूलाई जीवनोपयोगी सीपहरू सिकाउन किशोरकिशोरीहरू र युवा समूहहरू गठन गरी तालिम दिने
- आत्मबल, आत्मसम्मान, आत्मनिर्णय र सञ्चार सीप लगायतका विभिन्न ६ वटा क्षेत्रहरूमा किशोरकिशोरीहरूको क्षमता अभिवृद्धि गर्नका लागि वर्षभर रूपान्तरणमुखी जीवनोपयोगी सीप पाठ्यक्रमका सत्रहरूको सहजीकरण गर्ने

### स्थानीय स्तरमा पैरवीका लागि समुदायको सशक्तीकरण

**परम्परागत सामाजिक मूल्यमान्यतामा परिवर्तनका लागि समुदायका अगुवाहरूलाई सक्षम बनाई परिचालन गर्ने**

**मुख्य क्रियाकलापहरू**

- बाल संरक्षणका विषयमा सचेतना जगाउन र हानीकारक सामाजिक मूल्यमान्यताहरूका विरुद्ध प्रचारप्रसार गर्न सामाजिक अगुवा, आमा समूह, बाल क्लब र धार्मिक अगुवाहरूलाई परिचालन गर्ने
- बाल संरक्षण संयन्त्रहरूले गर्ने सेवा प्रवाहको प्रभावकारिताको पैरवी तथा अनुगमनका लागि समुदायहरूलाई सक्षम बनाउने
- बाल संरक्षणका विषयमा बालबालिकाहरु र समुदायमा सचेतना जगाउन र परम्परागत व्यवहारमा परिवर्तन ल्याउन सञ्चार माध्यमहरूको पूर्ण उपयोग गर्ने

### संरक्षणमा पुरुषको भूमिका

**लैङ्गिक हिंसा र भेदभाव नियन्त्रण गर्न पुरुषहरूलाई प्रोत्साहन तथा सशक्तीकरण गर्ने**

**मुख्य क्रियाकलापहरू**

- लैङ्गिक समताका लागि परिवर्तनको संवाहकका रूपमा समुदायका पुरुष सदस्यहरूलाई अभिमुखीकरण तथा तालिम प्रदान गर्न स्थानीय बाल संरक्षण समितिहरु, वयस्क तथा युवाहरूलाई सहयोग गर्ने
- युवा तथा वयस्क पुरुषहरूका समूहहरू गठन गरी परिवर्तनका संवाहकका रूपमा उनीहरूलाई बाल विवाह, लैङ्गिक हिंसा र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारबारे सचेतना जगाउन प्रोत्साहन गर्ने र उनीहरूका क्रियाकलापहरूको सहजीकरण गर्ने
- समुदाय, युवा तथा पुरुष समूहहरूलाई समुदायमा लैङ्गिक हिंसा अन्त्यका लागि सक्रिय भूमिका खेल्न सहयोग गर्ने
- लैङ्गिक हिंसा तथा लैङ्गिक असमता न्यूनीकरणका लागि युवा तथा वयस्क पुरुषहरूलाई पैरवीकर्ता बनाउने

## कार्य क्षेत्र

| | | | |
|---|---|---|---|
| १. कैलाली | २. डोटी | ३. अछाम | ४. जुम्ला |
| ५. लमजुङ | ६. रुपन्देही | ७. काठमाडौं | ८. सिन्धुली |
| ९.उदयपुर | १०. सुनसरी | ११. मोरङ | |





info_nepal@wvi.org   www.wvi.org/nepal   @wvinpl   @wvinepal   @WVNepal